# दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका

# स्थानीय राजपत्र

खण्डः २ संख्याः ७ मितिः ७ फाल्गुण, २०७६ साल


# भाग-२

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाद्वारा प्रकाशित

## दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको एफ.एम. रेडियो (व्यवस्थापन तथा संचालन) कार्यविधि,२०७६

**प्रस्तावनाः** दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको क्षेत्र भित्र एफ.एम. रेडियो सञ्चालनको लागि अनुमति, नवीकरण र नियमन गर्ने सम्बन्धमा कार्यविधि व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२) (ग) बमोजिम प्राप्त अधिकार प्रयोग गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (७) र दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको प्रशासकीय कार्यविधी (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ बमोजिम दिक्तेल रुपाकोट मझुवागढी नगरकार्यपालिकाले एफ. एम. रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि २०७६ बनाई लागू गरेकोछ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको एफ.एम. रेडियो (व्यवस्थापन तथा संचालन) कार्यविधि,२०७६" रहेको छ ।

(२) यो कार्यविधि दिक्तेल रुपाकोट मझुवागढी नगर कार्यपालिकाकाले पास गरे पछि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "प्रमुख" भन्नाले दिक्तेल रुपाकोट मझुवागढी नगर कार्यपालिकाको प्रमुख सम्झनुपर्छ ।

(ख) "उपप्रमुख" भन्नाले दिक्तेल रुपाकोट मझुवागढी नगर कार्यपालिकाको उपप्रमुख सम्झनुपर्छ ।

(ग) "कार्यपालिका" भन्नाले दिक्तेल रुपाकोट मझुवागढी नगर कार्यपालिका सम्झनुपर्छ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले दिक्तेल रुपाकोट मझुवागढी नगर कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ङ) "नगरपालिका" भन्नाले दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका सम्झनुपर्छ ।

(च) "मन्त्रालय" भन्नाले सूचना तथा सञ्चार मन्त्रालय वा सो कामको लागि तोकिएको संघको मन्त्रालयलाई सम्झनुपर्छ ।

(छ) "बिषयगत शाखा" भन्नाले दिक्तेल रुपाकोट मझुवागढी नगर कार्यपालिका अन्तरगतको बिषयगत शाखा वा इकाईलाई सम्झनुपर्छ ।

(ज) "वडा सचिव" भन्नाले नगरपालिकाको वडा कार्यालयको कामकाज गर्न तोकिएको वडा सचिव सम्झनुपर्छ ।

(झ) "वडा समिति" भन्नाले दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको वडा समिति सम्झनुपर्छ ।

(ञ) "सदस्य" भन्नाले नगर कार्यपालिकाको सदस्य सम्झनुपर्छ । सो शब्दले नगर कार्यपालिकाको प्रमुख, उपप्रमुख र वडा अध्यक्ष समेतलाई जनाउनेछ ।

(ट) "स्याटेलाईट रिसिभिङ सिष्टम" भन्नाले अधिकांश भाग पृथ्वीको वायुमण्डल बाहिर रहने वा रहेको एक वा एक भन्दा बढी भू-उपग्रहहरु वा अन्तरिक्ष स्टेशनबाट प्राप्त गर्ने डिस एण्टेना लगायतका संचार प्रणाली सम्झनुपर्छ ।

(ठ) "रेडियो यन्त्र" भन्नाले लगातार तारको कनेक्शन विना रेडियो तरङ्गद्वारा शब्द, चित्र वा संकेत प्राप्त गर्ने वा पठाउने कामको निमित्त प्रयोग गरिने देहायको यन्त्रहरु सम्झनुपर्छ ।

१) डिस एण्टेना लगायत सबै प्रकारको स्याटलाइट रिसिभिङ सिष्टमहरु,

२) रेडियो ट्रान्समिटर।

(ड) "अनुगमन समिति" भन्नाले दफा १२ बमोजिम गठित एफ. एम. रेडियो समन्वय तथा अनुगमन समिति सम्झनुपर्छ ।

**३. प्रसारण सम्बन्धि कार्यक्रमको रेखदेख र सञ्चालनः** (१) नगरपालिकाभित्र १०० (एक सय) वाट सम्मको एफ. एम. रेडियोको प्रसारण सम्बन्धी कार्यक्रमको रेखदेख र सञ्चालनको नीति निर्माण गर्ने अधिकार नगर कार्यपालिकालाई हुनेछ ।

(२) यो कार्यविधि लागु हुनुपूर्व प्रचलित कानून बमोजिम इजाजतपत्र लिई सञ्चालन भैरहेका एफ.एम. रेडियोहरुको प्रसारण सम्बन्धी कार्यक्रमको रेखदेख र सञ्चालन कार्य समेत नगरपालिकाको हुनेछ ।

**४. इजाजतपत्र नलिई प्रसारण गर्न नहुनेः** (१) कसैले यस कार्यविधि बमोजिम इजाजतपत्र नलिई  नगरपालिका क्षेत्रभित्र एफ.एम. सञ्चालन गर्न पाउनेछैन ।

(२) कसैले उपदफा (१) विपरित गरेमा दफा २२ बमोजिम जरीवाना गरिनेछ ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भएता पनि यो कार्यविधि आउनु भन्दा अगावै प्रचलित नेपाल कानून बमोजिम दर्ता भै सञ्चालन भैरहेका १०० (एक सय) वाटसम्म क्षमता भएका एफ.एम. रेडियोहरुको हकमा नयाँ इजाजत पत्र लिईरहनु पर्नेछैन ।

**५. इजाजतपत्रको लागि निवेदन दिनु पर्नेः** (१) एफ.एम. रेडियो सञ्चालन इजाजतपत्र लिन चाहने व्यक्ति वा संगठित संस्थाले अनुसूची-१ बमोजिमको ढाँचामा नगर कार्यपालिका समक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइने ईजाजतपत्र अनुसूची-२ को ढाँचामा नगर कार्यपालिकाले उपलब्ध गराउनु पर्नेछ ।

**६. निवेदनसाथ संलग्न गर्नुपर्ने:** दफा ५ बमोजिम दिने निवेदन साथ देहायको कागजात संलग्न गर्नुपर्नेछः

(क) सम्बन्धित विषयमा अनुभवी तथा ख्याति प्राप्त व्यक्ति वा मान्यता प्राप्त अनुसन्धनात्मक संस्थाबाट आफूले इजाजत पत्र लिन खोजेको विषयको आर्थिक, प्राविधिक तथा व्यावसायिक पक्षमा विस्तृत अध्ययन गर्न लगाई तयार गरेको प्रतिवेदन,

(ख) प्रसारण संस्था दर्ताको प्रमाणपत्र सम्बन्धित विधान तथा सञ्चालकहरूको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ग) निवेदन दस्तुर नगर सभाले तोके बमोजिम बुझाएको नगदी रसिद वा तोकिएको राजश्व खातामा जम्मा गरेको दोस्रो प्रति भौचरको साथै प्रसारण केन्द्र रहने ठाउँको विवरण,

(घ) एफ.एम. रेडियो दर्ता र नवीकरणको लागि आवश्यक कागजातहरु अनुसूची-१ र नवीकरणको लागि अनुसूची-२ बमोजिमका कागजातहरु अनिवार्य समाबेश गर्नुपर्नेछ ।

**७. इजाजतपत्र दिन सकिने:** (१) नगरपालिकाले दफा ५ बमोजिम प्राप्त निवेदन र संलग्न कागजात साथै राखी फ्रिक्वेन्सी उपलब्ध हुने नहुने सम्बन्धमा नेपाल सरकारको विषयगत मन्त्रालयमा लेखि पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लेखि पठाएको विषयमा नेपाल सरकारको सम्बन्धित मन्त्रालयबाट फ्रिक्वेन्सी उपलब्ध गराउन सकिने व्यहोरा लेखि आएमा नगरपालिकाले निवेदकलाई इजाजत पत्र उपलब्ध गराउनेछ ।

(३) उपदफा (२) बमोजिम इजाजत पत्र दिनु पूर्व नगरपालिकाले रेडियो उपकरणहरु (एफ.एम. ट्रान्समिटर, एस.टी.एल. लिंक र बि.बि.सि. रिसिभर) को इजाजत र नियमनको व्यवस्था मिलाउनु पर्नेछ ।

(४) रेडियो उपकरणहरु (एफ.एम. ट्रान्समिटर, एस.टी.एल. लिंक र बि.बि.सि. रिसिभर) को इजाजतपत्र लिनको लागि अनुसूची-६,७ र ८ बमोजिमका कागजातहरु अनिवार्य समावेश गर्नुपर्नेछ ।

(५) इजाजतपत्रको अवधि एक आर्थिक वर्षको हुनेछ ।

**८. इजाजतपत्रको अवधि र नवीकरण दस्तुरः** (१) एफ.एम. रेडियोको इजाजत पत्र प्रत्येक आर्थिक वर्षमा नवीकरण गर्नु पर्नेछ ।

(२) इजाजतपत्र नवीकरण गराउन चाहने संस्था वा व्यक्तिले इजाजतपत्र बहाल रहने अवधि भुक्तान नहुँदै नगर सभाले तोके अनुसारको बुझाउनु पर्ने अघिल्लो आर्थिक बर्षको शुल्क बुझाएको प्रमाण संलग्न गरी इजाजतपत्र नवीकरणको लागि अनुसूची-३ बमोजिमको ढाँचामा नगरपालिकामा निवेदन दिनुपर्नेछ ।

(३) दफा (२) बमोजिम इजाजतपत्र नवीकरणको लागि कुनै निवेदन पर्न आएमा नगर कार्यपालिकाले इजाजतपत्र दिंदा लाग्ने दस्तुरको नगर सभाले तोके बमोजिम शुल्क लिई अनुसूची - ४ बमोजिमको ढाँचामा त्यस्तो इजाजतपत्र नवीकरण गरी दिनु पर्नेछ ।

(४) दफा (२) बमोजिमको म्याद भुक्तान भए पछि १ (एक) वर्ष भित्रसम्म इजाजतपत्र नवीकरण गर्न आएमा नगर सभाले तोके बमोजिम जरिवाना र विलम्व दस्तुर समेत लिई इजाजतपत्र नवीकरण गरी दिन सक्नेछ । म्याद भुक्तान भएको १ (एक) वर्ष भित्र पनि इजाजतपत्र नवीकरण नगराएमा त्यस्तो इजाजतपत्र नगरकार्यपालिकाले रद्द गर्नेछ ।

(५) एफ.एम. रेडियो दर्ता तथा नवीकरण शुल्क तोकिए बमोजिम हुनेछ ।

**९. दस्तुर तिर्नु पर्नेः** (१) एफ.एम. रेडियो सञ्चालन गर्ने संस्था वा व्यक्तिले तोकिए बमोजिम शुल्क बुझाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम शुल्क बुझाउँदा सम्बन्धित संस्था वा व्यक्तिले सो आर्थिक वर्षको लेखापरीक्षण सम्पन्न गराई सोको प्रतिवेदन समेत पेश गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम शुल्क नबुझाउने वा उपदफा (२) बमोजिम लेखापरीक्षणको प्रतिवेदन पेश नगर्ने संस्था वा व्यक्तिका सम्बन्धमा नगर कार्यपालिकाले देहाय बमोजिम गर्नसक्नेछः—

(क) विज्ञापनमा रोक लगाउन,

(ख) सञ्चार सामग्री एवं सोसँग सम्बन्धित कच्चा पर्दाथको पैठारीमा रोक लगाउन,

(ग) त्यस्तो संस्था वा व्यक्तिको प्रेस प्रतिनिधि प्रमाणपत्र रद्द गर्न ।

**१०. प्रसारणमा रोक लगाउन सकिनेः** अनुगमन समितिले कुनै एफ.एम. रेडियो प्रसारण स्थलको निरीक्षण गर्दा वा त्यस्तो एफ.एम. रेडियोको कुनै प्रसारण सम्बन्धमा परेको उजुरीको छानबीन गर्दा देहाय बमोजिम भएको देखिएमा बढीमा ३ (तिन) महिनाको लागि त्यस्तो एफ.एम. रेडियोको कुनै कार्यक्रम वा सम्पूर्ण कार्यक्रमको प्रसारणमा रोक लगाउन सक्नेछः

(क) निरीक्षण तथा छानवीन गर्दा शर्त बमोजिम कार्यक्रम प्रसारण नगरेको र त्यसरी मौका दिंदा पनि शर्त बमोजिम काम नगरेको भन्ने पुनः गरिएको निरीक्षण तथा छानवीनबाट देखिएमा,

(ख) कसैले कार्यविधि बमोजिम इजाजतपत्र नलिई अनधिकृत रूपमा कुनै कार्यक्रम प्रसारण गरेको देखिएमा त्यस्तो एफ.एम. रेडियो

तत्काल बन्द गर्ने निर्देशन दिन सक्नेछ । तर बन्द गर्नु अगाडि सफाईको मौका दिनु पर्नेछ ।

**११. इजाजतपत्र रद्द गर्न सकिनेः** तोकिएको शर्त र समयावधि भित्र प्रसारण प्रारम्भ नगर्ने व्यक्ति वा संस्थाको इजाजतपत्र स्वतः रद्द हुनेछ ।

**१२. एफ.एम. रेडियो समन्वय तथा अनुगमन समितिः** (१) नगरपालिकामा देहाय बमोजिमको एक एफ.एम. रेडियो समन्वय तथा अनुगमन समिति रहनेछः

क) नगर प्रमुख — संयोजक

ख) नगर उप प्रमुख — सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

घ) नगरकार्यपालिकाको सदस्यहरु मध्येवाट नगर प्रमुखले छानेको १ जना (सम्भव भए सम्म विषयबस्तुको जानकारी भएको) — सदस्य

ङ) सम्वन्धित विषय हेर्न तोकिएको शाखाको शाखा प्रमूख — सदस्य सचिव

**१३. एफ.एम. रेडियो समन्वय तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकारः** एफ.एम. रेडियो समन्वय तथा अनुगमन समितिलाई देहाय बमोजिमको काम, कर्तव्य र अधिकार हुनेछः

क) स्थानीय तहमा दर्ता हुन आएका १०० (एक सय) वाट क्षमतासम्मको एफ.एम. रेडियोको दर्ता सम्वन्धमा नगरकार्यपालिकामा आवश्यक सिफारिस गर्ने,

ख) स्थानीय तहमा सञ्चालित एफ.एम. रेडियोहरुले तोकिएको शर्त अनुरुप कार्य गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने व्यवस्था मिलाउने,

ग) स्थानीय तहमा एफ.एम. रेडियो सञ्चालनको लागि आवश्यक समन्वय तथा सोको अनुगमन गर्ने,

घ) तोकीएको शर्तहरु पालना नगरेमा र प्रचलित कानून विपरितका कार्यहरु गरेको पाईएमा सचेत गराउने र कारवाहीको लागि नगर कार्यपालिकामा सिफारिस गर्ने,

ङ) आवश्यक देखेको अन्य कार्यहरु गर्ने ।

**१४. एफ.एम. रेडियो समन्वय तथा अनुगमन समितिको बैठक र कार्य प्रक्रियाः** (१) संयोजकले तोकेको मिति, समय र स्थानमा एफ.एम. रेडियो समन्वय तथा अनुगमन समितिको बैठक कम्तीमा त्रैमासिक रुपमा बस्नेछ ।

(२) समितिको सदस्य सचिवले समितिको बैठक वस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक वस्ने समय भन्दा अगावै सवै सदस्यले पाउने गरी पठाउनु पर्नेछ ।

(३) समितिका पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठक संयोजकको अध्यक्षतामा बस्नेछ ।

(५) समितिले आवश्यकता अनुसार सम्बन्धित विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(६) समितिको बैठक सम्वन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(७) समितिको निर्णय संयोजकले प्रमाणीत गरी राख्नुपर्नेछ ।

(८) समितिको बैठक भत्ता नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**१५. एफ.एम. रेडियोले पालना गनुपर्ने शर्तहरुः** यस कानून बमोजिम दर्ता भै सञ्चालनमा रहेका एफ. एम. रेडियोहरुले कार्यक्रम प्रसारण गर्दा देहाय बमोजिमको शर्तहरुको अधीनमा रही कार्यक्रम प्रसारण गर्नु पर्नेछः

क) एफ. एम. रेडियोले प्रशारण गर्ने समाचार कुनै राजनैतिक दल विशेषको नभई स्वतन्त्र, तटस्थ र निष्पक्ष रुपमा सत्य समाचारको रुपमा कार्यक्रम प्रशारण गर्नु पर्नेछ ।

ख) लोककल्याणकारी समाचारहरुको प्रशारणमा ध्यानदिनु पर्नेछ ।

ग) समाचार प्रवाहमा देशको राष्ट्रियता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, संघिय इकाइ, विभिन्न जात, जाति, धर्म सम्प्रदाय बीचको सु-सम्बन्धमा खलल पर्ने, जातिय भेदभाव वा छुवाछुतलाई दुरुत्साहन गर्ने गरी प्रशारण गर्नु गराउनु हुदैन।

घ) सेवा लिन ईच्छुक सेवाग्राहीलाई विना पूर्वाग्रह सेवा उपलव्ध गराउनु पर्नेछ । साथै सेवा सुविधा तोक्दा प्रचलित बजार दर भन्दा बढी लिन पाइनेछैन ।

ङ) कार्यालय समय अघिपछि र बिदाको दिनमा पनि सेवाग्राहीको आवश्यकता बमोजिम सेवा प्रवाह गर्ने व्यवस्था सुनिश्चतता गर्नुपर्नेछ ।

च) कार्यक्रम प्रसारण वा वितरण गर्दा सम्बन्धित प्रसारण संस्था वा व्यक्तिको सहमति लिएर मात्र गर्नुपर्नेछ ।

छ) यो कार्यविधि लागू हुनु पूर्व सूचना तथा संचार मन्त्रालयबाट राष्ट्रिय प्रशारण ऐन, २०४९ र राष्ट्रिय प्रशारण नियमावली, २०५२ बमोजिम जारी गरेका १०० (एक सय) वाट सम्मका एफ.एम. को ईजाजतपत्रहरु यसै कार्यविधि बमोजिम जारी भएको मानिनेछ ।

ज) आपत्कालीन वा विपद्को समयमा नगर कार्यपालिकाबाट निर्देशन भएका सरकारी सूचनाहरू निःशुल्क प्रसारण गर्नुपर्नेछ ।

झ) युद्ध वा संकटकालीन समय आई परेमा नगर कार्यपालिकाले कुनै खास कार्यक्रमहरू मात्र प्रसारण गर्ने गरी निर्देशन दिएमा सोही कार्यक्रमहरू मात्र प्रसारण गर्नुपर्नेछ ।

ञ) कार्यक्रम प्रसारण गर्ने प्रसारण संस्था वा व्यक्तिले कार्यक्रम प्रसारणको आरम्भ, बीच र अन्त्यमा आफ्नो परिचय (कल साइन) दिनु पर्नेछ ।

ट) प्रचलित ऐन कानुनको पूर्णरुपमा परिपालना गर्नु पर्नेछ ।

**१६. प्रशारण गर्न नहुनेः** एफ.एम. रेडियोहरुले देहाय बमोजिमको कुनै कार्यक्रम प्रसारण गर्ने छैनः

(क) नेपालको सुरक्षा, शान्ति र व्यवस्थामा खलल पर्न जाने,

(ख) सर्वसाधारण जनताको सदाचार, नैतिकता र सामाजिक मर्यादामा आघात पर्न जाने,

(ग) नेपालको सार्वभौमसत्ता र अखण्डतामा आँच पुऱ्याउने,

(घ) विभिन्न जात, जाति, धर्म, वर्ण, क्षेत्र, सम्प्रदायका मानिसहरू बीच वैमनश्यता सिर्जना गर्ने वा सामाजिक दुर्भावना फैलाउने,

(ङ) अदालतमा विचाराधिन रहेका मुद्धा र अदालतको अवहेलना हुने,

(च) सामाजिक विकृति फैलाउने किसिमका अश्लिल सामग्रीहरू,

(छ) कुनै व्यक्तिको नाम किटान गरी कसैको मान, मर्यादा वा प्रतिष्ठामा आघात पार्ने सामग्रीहरू,

(ज) संविधान तथा प्रचलित कानूनको सीमा भित्र रही नगर कार्यपालिका र रेडियो समन्वय तथा अनुगमन समितिले प्रसारण गर्न नहुने भनी तोकिदिएका अन्य सामग्रीहरू ।

**१७. कार्यक्रम प्रशारण प्रारम्भ गर्नु पर्नेः** (१) इजाजतपत्र प्राप्त व्यक्ति वा सङ्गठित संस्थाले इजाजत पत्र वा अनुमतिपत्र पाएको मितिले तीन (३) महिनाभित्र आफ्नो प्रसारण प्रारम्भ गर्नु पर्नेछ ।

(२) इजाजतपत्र प्राप्त कुनै व्यक्ति वा सङ्गठित संस्थाले उपनियम (१) बमोजिमको अवधिभित्र प्रसारण प्रारम्भ गर्न नसक्ने भएमा सोको आधार र कारण समेत खुलाई अवधि थपको लागि त्यस्तो अवधि भुक्तान हुनु अगावै नगरपालिका समक्ष निवेदन दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम पर्न आएको निवेदन उपर आवश्यक जाँचबुझ गर्दा अवधि थप गर्न मनासिव देखेमा नगर कार्यपालिकाले ४५ दिन सम्मको अवधि थप गर्न सक्नेछ ।

(४) उपदफा (१) वा (३) बमोजिमको अवधिभित्र पनि प्रसारण प्रारम्भ नगर्ने व्यक्ति वा संस्थाको इजाजतपत्र नगर कार्यपालिकाले रद्द गर्न सक्नेछ ।

**१८. विवरण संशोधन गर्न सक्नेः** (१) कसैले इजाजतपत्रमा उल्लेखित कुनै विवरण बदल्न चाहेमा तोकिए बमोजिमको दस्तुर सहित अनुसूची-५ बमोजिमको ढाँचामा नगरकार्यपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विवरण बदल्न दिएको निवेदनको व्यहोरा मनासिब देखिएमा नगर कार्यपालिकाले निवेदन बमोजिमको विवरण बदल्न सक्नेछ ।

**१९. इजाजतपत्रको प्रतिलिपिः** (१) यस कानून बमोजिम प्राप्त इजाजतपत्र हराएमा, नासिएमा वा कुनै कारणवश च्यातिएमा इजाजतपत्र प्राप्त व्यक्ति वा संस्थाले सो को प्रतिलिपि माग गर्न सक्नेछ ।

(२) कसैले उपदफा (१) बमोजिम प्रतिलिपी माग गरेमा नगरपालिकाले १५००।- रुपैयाँ दस्तुर लिइ नक्कल दिनुपर्नेछ ।

**२०.विवरण वदल्न सक्नेः** (१) कसैले इजाजतपत्रमा उल्लेखित कुनै विवरण बदल्न चाहेमा तोकिए बमोजिम दस्तुर सहित अनुसूची-३ बमोजिमको ढाँचामा नगर कार्यपालिका समक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम विवरण बदल्न दिएको निवेदनको व्यहोरा मनासिब देखिएमा नगर कार्यपालिकाले निवेदन बमोजिमको विवरण बदल्न सक्नेछ ।

**२१.नियमन गर्नेः** (१) इजाजतपत्रमा उल्लेखित शर्तहरू बमोजिम कार्यक्रम प्रसारण गरे वा नगरेको सम्बन्धमा एफ.एम. रेडियो समन्वय तथा अनुगमन समितिले वा तोकिएको अधिकारीले प्रसारण सम्बन्धी संस्थाको निरीक्षण तथा छ्यानवीन गर्न गराउन सक्नेछ । निरीक्षण तथा छ्यानवीन गर्दा शर्त बमोजिम कार्यक्रम प्रसारण गरेको नपाईएमा इजाजत पत्रमा उल्लेखित शर्तहरू बमोजिम कार्यक्रम प्रसारण गर्न एफ.एम. रेडियो समन्वय तथा अनुगमन समितिले वा तोकिएको अधिकारीले एक पटकको लागि बढीमा १ (एक) महिना समय उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निरीक्षण तथा छ्यानवीन गर्दा शर्त बमोजिम कार्यक्रम प्रसारण नगरेको र मौका दिंदा पनि शर्त बमोजिम काम नगरेको भन्ने पुनः गरिएको निरीक्षण तथा छ्यानवीनबाट देखिएमा वा समितिले कसैले कार्यविधि बमोजिम इजाजतपत्र नलिई अनधिकृत रूपमा कुनै कार्यक्रम प्रसारण गरेको देखिएमा त्यस्तो एफ.एम. रेडियो तत्काल बन्द गर्न सक्नेछ ।

तर, बन्द गर्नु अगाडि सफाईको मौका दिनुपर्नेछ ।

२२. **दण्ड जरीवानाः** (१) यस कार्यविधी विपरित कार्य गर्नेलाई नगर कार्यपालिकाले एफ.एम. रेडियो समन्वय तथा अनुगमन समितिको सिफारिसमा पाँच हजार देखि पच्चिस हजार रुपैयाँसम्म जरीवाना गर्न सक्नेछ । सो कार्य दोहोरिएमा पटकै पिछे जरिवाना गरिनेछ ।

(२) उपदफा (१) बमोजिम जरीवाना गर्नु पूर्व त्यस्तो एफ.एम. रेडियो सञ्चालकलाई सफाईको मौका दिनुपर्नेछ ।

२३. **पुनरावेदनः** कार्यपालिकाले दफा २२ बमोजिम गरेको जरीवाना उपर चित्त नबुझ्ने पक्षले सो निर्णय भएको ३५ दिनभित्र न्यायिक समितिमा पुनरावेदन गर्न सक्नेछ । जरिवाना सम्वन्धमा न्यायीक समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

२४. **अनूसुचीमा हेरफेर तथा थपघट गर्न सक्नेः** यस कार्यविधिको अनूसुचीमा हेरफेर तथा थपघट गन गर्नु पर्ने भएमा एफ.एम. रेडियो समन्वय तथा अनुगमन समितिको सिफारिशमा नगर कार्यपालिकाले गर्न सक्नेछ ।

२५. **कार्यविधिको व्याख्या तथा संशोधनः** यस कार्यविधिको कुनै दफाको व्याख्या गर्नु परेमा र कार्यविधि संशोधन गर्नु पर्ने भएमा एफ.एम. रेडियो समन्वय तथा अनुगमन समितिको सिफारिशमा नगर कार्यपालिकाले व्याख्या र संशोधन गर्न सक्नेछ ।

अनुसूची - १

**(दफा ५(१) सँग सम्वन्धित)**

एफ. एम. रेडियो इजाजतपत्र स्वीकृतका लागि दिइने निवेदनको ढाँचा

विषयः एफ.एम. रेडियो संचालन गर्न  इजाजत पत्र पाउँ ।

श्री............................... ज्यू

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका, दिक्तेल

यस दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको वडा नं.  ..... मा स्टेसन रहने गरी ...............नामको एफ.एम. रेडियो, एफ.एम. रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७६ को दफा ३ (५) बमोजिम सञ्चालन गर्ने इजाजतपत्र पाउनको लागि देहायका विवरणहरू खुलाई यो निवेदन गरेको छु/छौं ।

१. निवेदकको,

(क) स्थायी ठेगाना -

जिल्ला:-

..........................पालिका

वडा नं.:-

गाउँ । टोल :-

फोन नं.:-

घर नं.:-

फ्याक्स नं.:-

नागरिकता लिएको जिल्ला:-

नागरिकता नं र नागरिकता लिएको मिति:-

(ख) अस्थायी ठेगाना -

जिल्ला:-

कार्यालय:-

वडा नं. :-

गाउँ । टोलः—

फोन नं.:-

घर नं.:-

फ्याक्स नं.:-

इमेल ठेगाना:-

२. संस्था वा व्यक्तिको

(क) नाम :-

(ख) आर्थिक स्थिति (स्थिर तथा चालु पूँजी) :-

(ग) अनुभव :-

(घ) प्राविधिक दक्षता :-

३. प्रसारण गरिने स्थानः—

४. प्रसारण हुने क्षेत्रः—

५. प्रसारण शुरु हुने मितिः—

६. प्रसारणको माध्यमः—

७. प्रसारणको क्षमताः—

८. प्रसारण गर्दा प्रयोग गरिने फ्रिक्वेन्सी र च्यानेलः—

९. प्रसारण गर्दा प्रयोग गरिने उपकरणहरूः—

१०. प्रसारण सम्बन्धमा उपभोक्ता तथा अन्य व्यक्ति वा निकायसंग गरिएको सम्झौताः—

११. प्रसारणमा प्रयोग हुने भाषाः—

१२. प्रसारणको समयावधिः—

१३. प्रसारण गरिने कार्यक्रमहरूः—

माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदककोः—

सहीः—

नामः—

मितिः—

अनुसूची - २

(दफा ५(२) सँग सम्वन्धित)

एफ. एम. रेडियो इजाजतपत्रको ढाँचा

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, दिक्तेल

एफ. एम. रेडियो इजाजतपत्र

इजाजतपत्र नं.:-

१. इजाजतपत्र पाउने व्यक्ति वा संस्थाको नामः—

२. ठेगानाः—

| (क) स्थायी ठेगाना — | (ख) अस्थायी ठेगाना — |
|---|---|
| जिल्लाः— | जिल्लाः— |
| नगरपालिकाः | नगरपालिकाः |
| वडा नं.:- | वडा नं.:- |
| गाउँ / टोलः- | गाउँ/ टोलः- |
| फोन नं.:- | फोन नं.:- |

३. प्रसारण संस्था वा व्यक्तिको नामः—

४. प्रसारणको माध्यमः—

५. प्रसारणको क्षमताः

६. प्रसारण गर्दा प्रयोग गरिनेः

(क) फ्रिक्वेन्सीः— (ख) बैण्डः—

(ग) च्यानेलः— (घ) ट्रान्समिटरः—

(ङ) एण्टेनाः—

७. प्रसारण प्रणाली स्थापना हुने ठाउँ र प्रसारण केन्द्रः—

८. प्रसारण हुने क्षेत्र र जनसंख्याः—

९. प्रसारण शुरु हुने मितिः—

१०. प्रसारणमा प्रयोग हुने भाषाः—

११. प्रसारणको समय र समयावधिः—

१२. प्रसारण गरिने कार्यक्रमहरूः—

१३. इजाजतपत्र बहाल रहने मितिः—

१४. अन्य शर्तहरूः—

(क)

(ख)

(ग)

कार्यालयको छाप

इजाजतपत्र दिने अधिकारीकोः—

सही :

मितिः—

नामः—

दर्जाः—

कार्यालयः—

अनुसूची - ३

(दफा ८ सँग सम्वन्धित)

एफ. एम. रेडियो इजाजतपत्र नवीकरणको लागि दिइने निवेदन

विषयः एफ. एम. रेडियो इजाजत पत्र नवीकरण गरी पाउँ

श्री ............................ज्यू

दित्तेल रुपाकोट मझुवागढी नगरपालिका, दित्तेल

मैले/हामीले मिति ..................मा इजाजतपत्र नं......... वाट .......... एफएम रेडियोको आ.व.........................को लागि नवीकरण गरि दिन नवीकरण दस्तुर समेत बुझाई (भौचर नं...........) श्रीमान् समक्ष (आवश्यक कागजात संलग्न गरी) अनुरोध गर्दछु/गर्दछौ ।

निवेदक

..................

संलग्न कागजात

१) निवेदन

२) सक्कल ईजाजतपत्र

३) भौचर/रसिद

अनुसूची - ४

(दफा ८ सँग सम्वन्धित)

एफ. एम. रेडियो इजाजतपत्र नवीकरण ढाँचा

दित्तेल रुपाकोट मझुवागढी नगरपालिका

नगर कार्यपालिकाको कार्यलय, दित्तेल

एफ. एम. रेडियो इजाजतपत्र

इजाजतपत्र नं.:-

१. इजाजतपत्र पाउने व्यक्ति वा संस्थाको नामः—

२. ठेगानाः—

| (क) स्थायी ठेगाना — | (ख) अस्थायी ठेगाना — |
|---|---|
| जिल्लाः— | जिल्लाः— |
| नगरपालिकाः | नगरपालिकाः |
| वडा नं.:- | वडा नं.:- |
| गाउँ/ टोलः— | गाउँ/ टोलः— |
| फोन नं.:- | फोन नं.:- |

३. प्रसारण संस्था वा व्यक्तिको नामः—

४. प्रसारणको माध्यमः—

५. प्रसारणको क्षमता

६. प्रसारण गर्दा प्रयोग गरिने

(क) फ्रिक्वेन्सीः— (ख) बैण्डः—

(ग) च्यानेलः— (घ) ट्रान्समिटरः—

(ङ) एण्टेनाः—

७. प्रसारण प्रणाली स्थापना हुने ठाउँ र प्रसारण केन्द्रः—

८. प्रसारण हुने क्षेत्र र जनसंख्याः—

९. प्रसारण शुरु हुने मितिः—

१०. प्रसारणमा प्रयोग हुने भाषाः—

११. प्रसारणको समय र समयावधिः—

१२. प्रसारण गरिने कार्यक्रमहरूः—

१३. इजाजतपत्र बहाल रहने मितिः—

१४. अन्य शर्तहरूः—

(क)

(ख)

(ग)

कार्यालयको छाप

इजाजतपत्र दिने अधिकारीकोः—

सहीः—

नामः—

दर्जाः—

कार्यालयः—

नवीकरणको विवरण

| आर्थिक वर्ष | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |

अनुसूची - ५

(दफा ७ सँग सम्वन्धित)

स्याटेलाइट रिसिभिङ सिष्टम/स्याटेलाइट कम्यूनिकेशन सिष्टम (अर्थ स्टेशन) को लाइसेन्सको लागि दिइने दरखास्त ढाँचा

श्री ................................ज्यू

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका, दिक्तेल

स्याटेलाइट रिसिभिङ सिष्टम राख्न तथा प्रयोग गर्नको लागि देहायका विवरणहरू खुलाई प्रोफर्मा इन्भ्वाइस र टेक्निकल स्पेशिफिकेशनको प्रतिलिपिसमेत संलग्न गरी स्याटेलाइट रिसिभिङ सिष्टमको लाइसेन्स पाउनको लागि अनुरोध गर्दछु ।

१. प्रयोग गर्नु पर्ने उद्देश्य र कारणः—

२. प्रयोग गर्न चाहेको सिष्टमको विवरणः—

(क) निर्माताको नामः—

(ख) मोडेल नंः—

(ग) सिरियल नंः—

(घ) साइज र अन्य विवरणः—

(ङ) एण्टेना सम्बन्धी विवरणः—

३. प्रयोग गरिने ठाउँः—

४. आर. एफ. फ्रिक्वेन्सी रेन्ज/प्रयोग गर्ने फ्रिक्वेन्सीः—

५. कुन स्याटेलाइटको माध्यमबाट के कस्तो सञ्चार आदान प्रदान गर्ने होः—

६. प्रयोग भइरहेको भए कुन मितिदेखि प्रयोग भइरहेको होः—

७. प्रयोगः—

(क) व्यक्तिगतः—

(ख) सामुहिकः—

८. सामुहिक रूपमा प्रयोग गरिने भए प्रयोगकर्ताहरूको नाम र अन्य विवरण (नाम यसैसाथ संलग्न गरेको हुनुपर्ने)

९. घर बहालमा लिई रेडियो यन्त्र राख्ने वा प्रयोग गर्ने भए घर धनीको स्वीकृति भए नभएकोः—

(घर धनीसंगको सम्झौता पत्र यसैसाथ संलग्न गर्नु पर्ने)

१०. आयात गरिने देशको नामः—

११. आयात हुने भन्सार कार्यालयको नामः—

दरखास्तवालाको

सहीः—

नामः—

ठेगानाः—

मितिः—

अनुसूची - ६
दफा ७ सँग सम्वन्धित

एफ. एम. ट्रान्समिटर र **STL Link** को लाईसेन्सको लागि
दरखास्तको ढाँचा

विषयः एफ एम ट्रन्समिटर र **STL Link** को लाईसेन्स पाउँ

श्री ............................ज्यू
दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका, दिक्तेल

मैले/हामीले देहायका रेडियो यन्त्र राख्न तथा प्रयोग गर्नको लागि देहायका विवरणहरू खुलाई प्रोफर्माइन्भ्वाइस र टेक्निकल स्पेसिफिकेशनको प्रतिलिपि समेत संलग्न गरी रेडियो यन्त्रको लाइसेन्स पाउनको लागि अनुरोध गर्दछु/ गर्दछौं।

१. रेडियो यन्त्र प्रयोग गर्नाको उद्देश्य एवं कारणः—
२. प्रयोग गर्ने स्थानः—
३. प्रयोग गरिने फ्रिक्वेन्सीः—
४. प्रयोग गर्ने अनुमानित मितिः—
५. रेडियो यन्त्रको विवरणः—
(क) निर्माताः—
(ख) मोडेल नंः—
(ग) सिरियल नं. आदिः—
६. स्टेशनको प्रकारः—
७. प्रयोग गरिने प्रणालीको प्रकारः—
८. प्रयोग गरिने समयः—
९. अन्य विवरणः—
(क)
(ख)
(ग)

दरखास्तवालाको
सहीः—
नामः—
ठेगानाः—
मितिः—

अनुसूची - ७
(दफा ७ सँग सम्वन्धित)
स्याटेलाइट रिसिभिङ सिष्टमको लाइसेन्सको ढाँचा

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका
नगर कार्यपालिकाको कार्यलय, दिक्तेल

देहायका व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई निम्न लिखित शर्तहरू पालन गर्ने गरी निम्न विवरणको स्याटेलाइट रिसिभिङ सिष्टम (अर्थ स्टेशन) राख्न तथा प्रयोग गर्न पाउने गरी यो लाइसेन्स दिइएको छ ।

१. व्यक्ति, फर्म, कम्पनी वा संस्थाको नामः—
२. ठेगानाः—
३. लाइसेन्स नंः—
४. जडान हुने स्थानः—
५. अर्थ स्टेशन स्याटेलाइट सिष्टमको विवरणः—
 (क) निर्माताको नामः—
 (ख) मोडेल नंः—
 (ग) साइज र अन्य विवरणः—
 (घ) एण्टेनाको विवरणः—
६. इनपुट फ्रिक्वेन्सी रेन्ज । प्रयोग गरिने फ्रिक्वेन्सीः—
७. कुन स्याटेलाइटको माध्यमबाट कस्तो सञ्चार आदान-प्रदान गर्नेः—
८. प्रयोगः—
 (क) व्यक्तिगतः—
 (ख) सामूहिकः—
९. सामूहिक रूपमा प्रयोग गरिने भए जोडिने लाइन संख्या र व्यक्तिहरूको नामः—
१०. लाइसेन्सवालाले पालन गर्नु पर्ने शर्तहरूः—
 (क) सार्वजनिक सडक, बिजुली, सार्वजनिक सञ्चारलाई असर पार्न नपाउने गरी निजी घर कम्पाउण्ड भित्र मात्र वितरण गर्नु पर्नेछ ।

(ख) आम जनताको लागि प्रसारण भएको प्राप्त प्रसारण सामाग्री बाहेक अन्य कुनै प्रकारको प्रसारण सामाग्रीहरू वितरण वा प्रसारण गर्न पाइने छैन ।

(ग) मुनाफा वा शुल्क आदि लिई फाइदा लिन वा व्यापारिक प्रयोग गर्न पाइने छैन ।

कार्यालयको छाप

लाइसेन्स दिने अधिकारीको

सहीः—

नामः—

दर्जाः— मिति—

नवीकरणको विवरण

| आर्थिक वर्ष | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |

## अनुसूची - ८
(दफा ७ सँग सम्वन्धित)

## एफ.एम ट्रान्समिटर र STL Link राख्न तथा प्रयोग गर्नको लागि दिईने लाइसेन्सको ढाँचा

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको कार्यलय दिक्तेल

देहायका व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई निम्न लिखित शर्तहरू पालन गर्ने गरी निम्न विवरणको रेडियो यन्त्र राख्न तथा प्रयोग गर्न पाउने गरी यो लाइसेन्स दिइएको छ ।

१. व्यक्ति, फर्म, कम्पनी वा संस्थाको नामः—
२. ठेगानाः—
३. लाइसेन्स नंः—
४. प्रयोग गरिने स्थानः—
५. प्रयोगको उद्देश्यः—
६. प्रयोग गर्ने स्थानः—
७. प्रयोग गरिने फ्रिक्वेन्सीः—
८. रेडियो यन्त्रको विवरणः—
(क)
(ख)
(ग)
(घ)
९. प्रयोग गर्ने मितिः—
१०. स्टेशनको प्रकारः—
११. प्रयोग गरिने प्रणालीः—
१२. प्रयोग गरिने समयः—
१३. लाइसेन्सवालाले पालन गर्नु पर्ने शर्तहरूः—
(क)
(ख)
(ग)

कार्यालयको छापः—

लाइसेन्स दिने अधिकारीको

सहीः—

नामः—

दर्जाः—

मितिः—

नवीकरणको विवरण

| आर्थिक वर्ष | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |

अनुसूची - ९

(दफा २० सँग सम्वन्धित)

एफ. एम. रेडियो इजाजतपत्रको विवरण बदल्न दिईने निवेदनको ढाँचा

विषयः एफ. एम. रेडियो इजाजतपत्रको विवरण बदली पाउँ

श्री ............................ज्यू

दित्तेल रुपाकोट मझुवागढी नगरपालिका, दित्तेल

मैले/हामीले मिति ..................मा प्राप्त गरेको इजाजतपत्र नं. ..... को एफ.एम. रेडियोमा देहाय बमोजिमको विवरण वदल्न चाहेकोले लाग्ने दस्तुर सहित निम्न अनुसारको कागजातहरु साथ अनुरोध गर्दछु/गर्दछौं ।

निवेदक

..................

बदल्न चाहेको विवरण

क)

ख)

ग)

संलग्न कागजात

१) निवेदन

२) सक्कल ईजाजतपत्र

३) भौचर/रसिद

**प्रमाणीकरण मितिः २०७६।११।०१**

**आज्ञाले,**

**शान्तिराज प्रसाई**

**प्रमुख प्रशासकीय अधिकृत**